महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८

सिद्धकुमाख गाउँपालिका
सल्यान

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

पत्र संख्याः२०७८/७९
च.नं. १८४

मितिः२०७८/५/४

श्री अध्यक्षज्यू,
सिद्धकुमाख गाउँपालिका, सल्यान ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(नारायण एम.सि.)
नायब महालेखापरीक्षक

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार काठमाडौं; -प्रतिवेदन संलग्न छ ।

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

पत्र संख्याः२०७८/७९
च.नं.१८५ मितिः २०७८/५/४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सिद्धकुमाख गाउँपालिका, सल्यान ।

कैफियत सहितको राय

हामीले सिद्धकुमाख गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु ४ करोड ९४ लाख ३५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ४६ लाख ६६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १ लाख ३२ लाख ६६ हजार नियमित गर्नुपर्ने रु. १ करोड ५८ लाख ३१ हजार पेश्की बाँकी रु १ करोड ५६ लाख ७२ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०१।०२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभइ कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना ४४ (चवालिस) को यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह संग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजी जन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजी जन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सि.)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

श्री सिद्धकुमाख

लेखापरीक्षण प्रतिवेदन

२०७६/७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, ८९.३६ वर्ग किलोमिटर क्षेत्रफल तथा १३ हजार ५९३ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		४१२०५०९०.३७	१	**चालु खर्च**	१२५५०५४४३.११	१२५५०५४४३.११
	क) नगद	०		२	**पूँजीगत खर्च**	९५१८७३४३.११	९५१८७३४३.११
	ख) बैंक (गत आ.वको धरौटि सहित)	४१२०५०९०.३७		३	**अन्य विषयगत निकायबाट प्राप्त**	-	
२	**राजस्व (आन्तरिक आय)**		४०७२६६७३.६१		सामाजिक सुरक्षा	२३६५१०००	२३६५१०००
	क) आन्तरिक राजस्व	४९९७३२९.८५			प्रधानमन्त्री रोजगार	२४३८०००	२४३८०००
	ख) राजस्व बाँडफाँड	३५७२९३४३.७६			प्रदेश तथा स्थानीय क्षमता अभिबृद्दी कार्यक्रम	-	
	ग) अन्य आय	-	-		स्थानीय पुर्वाधार विकास कार्यक्रम	९५८६२८	९५८६२८
३	**वित्तिय हस्तान्तरण संघ**		१७५६७००००		क्षेत्रीय शहरी विकास योजना	-	
	क) वित्तिय समानीकरण अनुदान	७०४०००००			सडक बोर्ड नेपाल	-	
	ख) सशर्त अनुदान	१०११७००००			पर्यटन बोर्ड नेपाल	-	
	ग) समपूरक अनुदान	४१०००००			एन एन एस डब्लु ए	-	
	घ) विशेष अनुदान	०			(अन्य भए उल्लेख गर्ने)	-	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		२३७८२७८५	४	**वित्तिय व्यवस्था भुक्तानी**		
	क) वित्तिय समानीकरण अनुदान	१००४९०००			क) ऋण भुक्तानी	-	
	ख) सशर्त अनुदान	०			ख) ब्याज भुक्तानी	-	
	ग) समपुरक अनुदान	६५९४७८५			ग) अन्य भुक्तानी	-	
	घ) विशेष अनुदान	७१३९०००		५	**लगानी**		
५	**अन्तर स्थानीय तहबाट प्राप्त**				ऋण लगानी	-	
६	**अन्य विषयगत निकायबाट प्राप्त**		२७०४७६२८		शेयर लगानी	-	
	सामाजिक सुरक्षा	२३६५१०००			अन्य लगानी	-	
	प्रधानमन्त्री रोजगार	२४३८०००		६	**धरौटी फिर्ता**		
	प्रदेश तथा स्थानीय क्षमता अभिबृद्दी कार्यक्रम	-	-	७	**जनश्रमदान फिर्ता**		
	स्थानीय पुर्वाधार विकास कार्यक्रम	९५८६२८		८	**कोष फिर्ता**	२०१२२३०	२०१२२३०
	क्षेत्रीय शहरी विकास योजना	-	-	९	**मौज्दात**		
	सडक बोर्ड नेपाल	-	-		क) बैंक मौज्दात (गत आ.व को धरौटि रकम)	५७५७०२.८२	५७५७०२.८२

	पर्यटन बोर्ड नेपाल	-	-		ख) नगद मौज्दात		
	एन एन एस डब्लु ए	-	-	१०	**शसर्त अनुदान फिर्ता**	१३२२०३३७	१३२२०३३७
	(अन्य भए उल्लेख गर्ने)	-	-	११	**गत बर्षको बढी अल्या**		
७	**विभिन्न कोषतर्फको आय**	-	-	१२	**जनश्रमदान मौज्दात**		
८	**जनसहभागिता (नगद)**	-	-	१३	**धरौट मौज्दात**	२१४६१३५.१७	२१४६१३५.१७
९	**विषयगत निकायबाट प्राप्त**	-	-	१४	**कोष खाताको मौज्दात**	४४८८३४९२.८९	४४८८३४९२.८९
१०	**धरौटी आय**	२१४६१३५.१७	२१४६१३५.१७				
११	**लगानीको सौंवा फिर्ता**	-	-				
१२	**अन्य विविध आय**	-	-				
	जम्मा	**३१०५७८३१२.१५**	**३१०५७८३१२.१५**		**जम्मा**	**३१०५७८३१२.१५**	**३१०५७८३१२.१५**

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु ४७७७११६४.९४ फरक देखिएको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वारा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु ४१६३९०००मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ४१२०५०९०.३७ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४३३९०९.६३ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.....	४३३९०९.६३
३.	**बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको विभिन्न खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छैन ।असार मसान्तको बैंक स्टेटमेन्ट अनुसार रू ९४८००७९३ बैंक मौज्दात रहेको देखिएकोमा चेक साट्न बाकिँ विवरण अनुसार रू ७७५२९४१२ रहेको रकम घटाउदा बाकिँ मौज्दात रू १७२७१३८१ हुनु पर्नेमा कार्यालयले पेश गरेको एकिकृत आर्थिक विवरणमा रू ४७०२९६२८.०६ अर्थात रु.२९७५८२४७.०६ फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
४.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता, २५९३८५.६७ पूजिगत खर्च खाता ६६९१५४९.८९ , धरौटी खाता ७७३८५१.९९ , विविधकोष खाता ५५८९४७.७२, प्रकोप व्यवस्थापन कोष २५७०४८९ समेत गरी रु. १०८५४२२४.२७ मौज्दात राखेको पाईयो । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३८ जनाको दरबन्दी रहेकोमा १५ दरबन्दी रिक्त रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
५.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
	• **बजेट तथा कार्यक्रम**	
६.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री पुष्पा कुमारी बोहोराले मिति २०७६।३।१० गते रु.२६ करोड ३७ लाख ७५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३। २५ । मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले .२०७६/४/१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
७.	**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
८.	**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
९.	**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च रू हजार			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
खर्च	२२४२९३	२९७७४	५७२९५	१३७२३३	९०४६४
जम्मा	२२४२९३	२९७७४	५७२९५	१३७२३३	९०४६४
प्रतिशत		१३.२७	२५.५४	६१.१८	४०.३३

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. २२ करोड ४२ लाख ९३ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. २ करोड ९७ लाख ७४ हजार अर्थात १३.२७ प्रतिशत, दोश्रो चौमासिकमा रु. ५ करोड ७२ लाख ९५ हजार, अर्थात. २५.५४ प्रतिशत र तेश्रो चौमासिकमा रु. १३ करोड ७२ लाख ३३ हजार ,, अर्थात ६१.१८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ९ करोड ४ लाख ६४ हजार अर्थात ४०.३३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१०. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्यक्षेत्र	वार्षिकवजेट	खर्चरकम	कुलखर्चमध्येप्रतिशत
आर्थिकविकास	११३३४	७१४९	2.889
सामाजिकक्षेत्र	१२२१४०	१००५५३	40.63
पूर्वाधारविकासक्षेत्र	९८४७९	७१६९३	28.97
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	७००८८	३८८९४	15.72
जम्मा			

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ४०.६३ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा २.८९ प्रतिशत रहेको छ ।

११. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु ४९९७३२९.८५ राजस्व बाँडफाँड र अनुदानबाट रु २६२१९९७५८.७६ समेत रु २६७१९७०८८.६१आम्दानी भएकोमा चालु तर्फ रु १२५२३७६४३.११ र पूँजिगत तर्फ रु ९५१८७३४३.११ र अन्य रु २७०४७६२८ समेत रु २४७४७२६१४.२२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.०२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु८९९५०० खर्च भएको छ जुन आन्तरिक आयको १७.९९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५०.६ प्रतिशत चालु र ३८.४६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकररुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१२. **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

संगठन तथा कर्मचारी ब्यवस्थापन

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१३.	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका पशु चिकित्सक सहित १५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१४.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न कर्मचारीहरु करारमा राखि रू८५,४४,४४०.खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा करार नियुक्ति गरी बर्षभरीमा रु .२५६७००० भुक्तानी गरेको अनियमित देखिएको रु.....	२५६७०००
१५.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । हाल सम्म गाउँपालिकाले कल्याण कोष खडा गरेको देखिएन । आवश्यक कानुनको व्यवस्था गरी कल्याणकोष संचालन गरिनु पर्दछ ।	
१६.	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
१७.	**वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । वडा संख्या: ५ / वडा सचिवको दरबन्दी: ५ / वडा सचिवको पदपूर्ति: ४ / रिक्त वडा सचिव: १ रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ	
१८.	**सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :	

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	०
पञ्जिकरणतर्फ	
जन्मदर्ता	५९५
मृत्युदर्ता	९६
बसाईसराई दर्ता	११५
विवाह दर्ता	१११
सम्बन्धविच्छेद दर्ता	३
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	०
कालोपत्रे सडक मर्मत	विवरण प्राप्त नभएको
ग्राभेल सडक निर्माण	
ग्राभेल सडक मर्मत	

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१९. **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
३६	२१	१७	६	०	८०

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा ८० वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ३६वटा अर्थात ४५ प्रतिशत योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

- **कानून निर्माण एवं कार्यान्वयन**

२०. **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ४ वटा नियमावली, १३ कार्यविधि लगायत २७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३ वटा कानूनहरु निर्माण गरी सभा तथा कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
२१.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो बर्ष थप भएको ९ गरी कुल १० विवाद दर्ता भएकोमा ७ वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
२२.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्षको अन्तर सरकारी अख्तियारी भएका आर्थिक कारोबार ब.उ.शि.नं. ३१४०१०११४, १४०१०१२३, ३४०००१०५३ , ३६५००१०४३ , ३६५०१११११४, ३०१०००११४ र ३१२०००११३ को मात्र कोष तथा लेखा नियन्त्रकको कार्यालय बाट आन्तरीक लेखा परिक्षण गराएको छ । वित्तिय समानिकरण अनुदान, शसर्त अनुदान, राजस्व बाँडफाँड र आन्तरीक आयबाट भएका आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
२३.	**आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
	• **पदाधिकारी सुविधा**	
२४.	**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट २०७६ असोज महिना सम्म देहाय बमोजिम रु ८९९५०० सुविधा वापत भुक्तानी भएको छ ।	

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख / उपाध्यक्ष	वडाअध्यक्ष ..५ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य १५ जना	जम्मा
१	मासिक सुविधा	६१०००	५००००	१९००००	१२००००	१५००००	५७१०००
२	चाडपर्व खर्च	३०५००	२५०००	९५०००	६००००	७५०००	२८५५००
	यातायात खर्च	०	०	२००००	०	०	२००००
	संचार	३०००	२०००	८०००	०	०	१३०००
	जम्मा	९४५००	७७०००	२९३०००	१८००००	२२५०००	८८९५००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
२५.	**दोहोरो सुविधाः** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ५(४) मा अन्य यातायात सुविधा नलिएको हकमा तोकिएबमोजिम यातायात खर्च उपलब्ध गराउने उल्लेख छ । गाउँपालिकाका वडाध्यक्षहरुले मोटरसाईकल सुविधा लिएकोमा समेत यातायत खर्च वापत रू २०००० भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गर्नु पर्ने रू	२००००
२६.	**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.७२५४८५ खर्च गरेको छ ।	
२७.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु २९८०००आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
	• **अनुदान फिर्ता, वितरण र उपयोग**	
२८.	**अनुदान फिर्ता** — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु	६५६५४

सि.नं:.	कार्यक्रमको नाम	फिर्ता गर्नु पर्ने रकम
१.	प्रदेश शसर्त	६५६५४
	जम्मा	६५६५४

२९.	**बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
३०.	**सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु१२९५४९६ बजेटबाट खर्च गरेको छ ।	

सवारी साधन	संख्या	रकम
मोटरसाइकल	५	१२९५४९६
जम्मा		

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• **कर दस्तुर एवं आन्तरिक आय**	
३१.	**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु४९९७३२९.८५ अर्थात अनुमान भन्दा २४.८७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
३२.	**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।	

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२४७४७२६१४.२	४९९७३२९.८५	२.०२

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.०२प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३३. **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	५००००	४८३८६२.५३	९६.६७
घरजग्गा वहाल कर	७००००	१८७५	०.२५
व्यवसाय कर	५००००	०	०
वहाल विरौटी शुल्क	१५००००	०	०

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

३४. **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ६२ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको मा उक्त दफा संघीय आर्थिक ऐन, २०७६द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	बाँडफाँडमा अस्पष्टता देखिएको छ। यस्तो अवस्थामा संघीय कानून अनूसार नै गर्नु पर्दछ। त्यस अतिरिक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो। स्पष्ट कानूनी व्यवस्था गरी गिट्टि, ढुंङ्गा,वालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ।	
		सुरेन्द्र प्रसाद यादव	२०७६।४।२०.२०७६।४।२२	३६००	
	६२।२०७६.८.२७	गोपाल ओली	२०७६।७।२६.२०७६।७।३०	५१००	
			२०७६।८।१.२०७६।८।६	६३००	
			२०७६।८।१०.२०७६।८।१६	७५००	
	पञ्जिकरण तर्फ	रण ब वुढाथोकी	२०७६।१०।२५.२०७६।१०।२९	६२००	
			२०७६।१०।४.२०७६।१०।९	७४००	
			२०७७।३।११.२०७७।३।१७	७५००	
			२०७६।९।१९.२०७६।९।२५	८२००	
			जम्मा	२५९७५०	
७९.	४०।२०७६।८।१३ भ्रमण खर्च नियमावली २०६४ को नियम ३(१) अनुसार भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काजमा जान नहुने र नियम ३ अनुसार कुनै पदाधिकारी वा कर्मचारी सरुवा वढुवा वा कायम मुकायम भई एक जिल्लाबाट अर्को जिल्ला जादा दैनिक भत्ता तथा भ्रमण खर्च पाउने व्यवस्था गरेको छ ।को.ले.नि.का.बाट कामकाज गर्न खटाइएका लेखापाल गोपाल ओलीले मिति २०७६।७।१८ देखि २०७६।७।२३ सम्म नेपालगञ्ज जादा भ्रमण विल स्वीकृती वेगर दैनिक तथा भ्रमण भत्ता वापत रु १९५९९।– र व्याग रेनकोट खरिद वापत रु १४५००।– र गाडी भाडा वापत रु ८५००।– लगायतका खर्च दाबी गरी रु ५५५१५।– भुक्तानी लिएको र मिति २०७६।८।११ देखि २०७६।८।१३ सम्मको भ्रमण विल पेश गरी उद्योग मन्त्रालय सरुवा भै रमाना पत्र वेगर एवं भ्रमण विल समेत स्वीकृती नभई हरिजंग थापाले रु ५२२५०।– वुझेको देखिन्छ यसरी प्रमाण वेगर जम्मा खर्च लेखेको रकम सम्बन्धीत बाट असुल गर्नपर्ने देखिएको रु				१०७७६५
८०.	३८९।२०७७।३।२७ भ्रमण खर्च नियमावली २०६४ को नियम ३ अनुसार भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काजमा जान नहुने व्यवस्था छ । यसै नियमावलीको नियम २१ अनुसार भ्रमणमा खटिने पदाधिकारी र कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धीत कार्यालयले अनुसूची ६ वमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था रहेको छ । भ्रमण अभिलेख वेगर पटक पटक सरकारी काम देखाई सहायक लेखापाल गोपाल ओलीले भ्रमण खर्च लेखेकोमा यसरी खर्च लेख्न पाउने आधार पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु				२२५००
		२०७७।२।२४.२०७७।२।२९	७५००		
		२०७६।११।१४.२०७६।११।१८	७५००		
		२०७७।३।६.२०७७।३।१२	७५००		
		जम्मा	२२५००		
८१.	**वन्दावन्दीमा भ्रमण खर्च**: ३००।२०७७.३.१४ नेपाल सरकारले चैत्र ११ देखि ज्येष्ठ ३२ गते सम्म लकडाउन वन्दावन्दी घोषणा गरी सरकारी तथा निजी कार्यालयहरु पूर्ण रुपले वन्द गरेको थियो ।				२७७००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	लकडाउनका कारण सार्वजनिक विदा घोषणा भएकाले चैत्र महिनामा निम्नानुसारको दैनिक तथा भ्रमण भत्ता वापत खर्च लेखी भुक्तानी गरेको रकम सम्वन्धीतबाट असुल उपर गरी दाखिला गर्नुपर्ने देखिएको रु	

भौ।नं।र।मिति	भ्रमण अवधि।र।विवरण	भुक्तानी लिने	भुक्तानी रकम
३००।२०७७.३.१४	२०७६।१२।२४. २०७६।१२।२९	प्रा।प्रा।अ। चिन्तामणी रेग्मी	ड्ढण्ण
	२०७६।१२।१९. २०७६।१२।२३	सम्राट आचार्य	छ्ज्ञण्ण
पञ्चीकरण तर्फ १।२०७६.१२.१०	२०७६।१२।१२. २०७६।१२।१८	लक्ष्मी कुमारी अधिकारी	ठ्छण्ण
	२०७६।१२।२१. २०७६।१२।२७	रण बहादुर वुढाथोकी	टठण्ण
		जम्मा	द्दठठण्ण

८२.	**व्यत्तिगत प्रयोजनको खर्च-** आर्थिक कार्यविधि नियमावली २०६४ को ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकावाट विविध खर्च वापत चिनी चियापत्ती नुन स्याउ जुस मरिच खरिद गरी गिता किराना पसललाई भुक्तानी गरेको देखिन्छ । यस प्रकार कुन प्रयोजनका लागि केका लागि कस्लाई उक्त सामग्री खरिद गरिएको हो स्पष्ट हुन सकेन । अत यसरी विना आधार खरिद गरि भुक्तानी गरेको रकम अनियमित देखिएको रु	**१७३०१५**

भौ।नं।र।मिति	भुक्तानी रकम
२०।२०७६.६.१२	२१०२५
३७।२०७६.७.७	५२७५
४२।२०७६.८.१३	१५४७५
११८।२०७६.१०.८	२३९००
२२७।२०७७.१.३०	२७०००
२६९।२०७७.३.३	२११८०
३१०।२०७७.३. १६	१३२२०
३६०।२०७७.३.२५	१०१४०
४२१।२०७७.३.३०	३५८००
जम्मा	१७३०१५

८३.	आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्दछ । यसै नियमावलीको १४ अनुसार आर्थिक प्रशासन शाखा प्रमुखले प्रचलित कानून वमोजिम प्रक्रिया नपुगेको आर्थिक कारोवारको भुक्तानी दिन वा भुक्तानिको निम्ती सिफारिस गर्न मिल्दैन । कार्यालयले विभिन्न कामका लागि भाडाको गाडी प्रयोग गरी खर्च लेखेको छ । भाडा वापतको रकम भुक्तानी गर्दा उक्त रकम खर्च गर्न उचित हो होइन कार्यालयकै कामका लागि खर्च लेखिएको हो होइन विचार गरी भाडा खर्च भुक्तानी गर्नुपर्नेमा सो नगरी कार्यालय प्रमुख वाहेक विभिन्न कर्मचारीहरुले समेत सम्झौता गर्ने गरेको भाडा वापत खर्च लेखेको रकम स्वयम आफै वुझ्ने गरेको देखिएकोले र आधिकारीक कर्मचारी वाहेकले समेत भाडा माग गरी समेत खर्च लेखि भुक्तानी भएको देखिएको एवं गाडी धनीले सो वापतको रकम वुझेको नदेखिएकोले वास्तविक गाडी प्रयोजन भएकै हो भन्ने अवस्था देखिएन यसरी भाडा प्रयोजनार्थ खर्च लेखेको रकमलाई नियम सम्मत मान्न नसकिने रू	**२६६१७२**

भौ।नं।र।मिति	सम्झौता गर्न कर्मचारी	भाडा भुक्तानी	कैफियत

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
८४.	३१७।२०७७/३/१७ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले कोटेशन वेगर विभिन्न टुक्रे विल पेश गरी १०५ गोटा छाता र २० वटा रेनकोट खरिद गरी KTM Fancy Stores लाई भुक्तानी गरेकोमा उक्त सामग्रीहरु कस्लाई वितरण गरेको हो सो को भरपाई पेश नगरी खर्च लेखेको देखिएको रु	११५२५०
८५.	**विल भरपाई नपुगः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले गाडी भाडा प्रयोग गरी भुक्तानी गरेमा पेश गरेको विलको जोडजम्मा अनुसार ३६०००।- खर्च लेखेकोमा विलको जोड जम्मा अनुसार रु ३००००।- मात्र खर्च लेखेको देखिएकोले रु ६०००।– वढी खर्च लेखेको रकम असुल गरि दाखिला गर्नुपर्ने देखिएको रु	६०००
८६.	१८७।२०७६/११/२९ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्दछ । मिति २०७६।१०।२० गते देखी २०७६।१०।२५ गते सम्म कृषि विकास कार्यक्रम तर्फ भकारो सुधार साना सिंचाई कृषि यान्त्रीकरणको लागि पेश गरिएका प्रस्तावनाहरुको स्थलगत प्रमाणिकरण अनुगमन वापत अनुगमन खर्च लेखी प्रतिदिन रु १०००।– का दरले भुक्तानि दिएकोले अनुगमन खर्च लेख्दा भ्रमण विल संलग्न गरि मात्र खर्च लेखिनु पर्नेमा चन्द्र बहादुर केसीले वैठक भत्ता भुक्तानी लेखेकोले यसरी विना आधार प्रमाण खर्च लेखि भुक्तानी भएको देखिएकोले सम्बन्धीत बाट असुल गर्नुपर्ने देखिएको रु.....	२१२५०
८७.	१७५।२०७६/११/२१, मिति २०७६११ १६ गते गाउँ सभाको छैठौ तथा हिउदे अधिवेशनमा सहभागी हरुलाई भत्ता वितरण गर्न भिमलाल भण्डारीले रु ५००००। पेश्की लिई फछ्र्यौट गरेकोमा सहभागी पदाधिकारी बाहेक कर्मचारीलाई समेत यातायात खर्च प्रति सहभागी रु १०००। का दरले यातायात खर्च भुक्तानी गरेको देखिएकोले पाउने आधार पेश गर्ने अन्यथा पेश्की लिने बाट असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.....	५००००
८८.	४३६।२०७७/३/३० आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्दछ । कार्यालयका विभिन्न पदाधिकारी तथा कर्मचारीले योजना अनुगमन खर्च उल्लेख गरी वैठक भत्ता वापत भुक्तानी गरेको देखिएकोले उक्त रकम सम्वन्धीत बाट असुल गर्नुपर्ने देखिएको रु	११३०५०
८९.	४४२।२०७७/३/३१ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (८) अनुसार कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्दछ । आयोजनाको अन्तीम फरफारक गरेवापत वैठकमा उपस्थिती भई वैठक भत्ता भुक्तानी गर्दा माईन्युट समेत संलग्न नराखि भुक्तानी लिएको देखिएकोले सो पाउने आधार पेश गर्ने अन्यथा सम्बन्धित बाट असुल गर्नुपर्ने देखिएको रु	९२८२०

		वापतको रकम	
४१८।२०७७-३-२९	सुरेन्द्र प्रसाद यादव	५१५००	
२७१।२०७७-३-३	सुरेन्द्र प्रसाद यादव	४३७००	
३१२।२०७७-३-१६	सुरेन्द्र प्रसाद यादव	११०००	
३२१।२०७७-३-१८	मदन वुढाथोकी	५०००	
३५२।२०७७-३-२४	रविन्द्र वहादुर थापा	१२०००	
२२४।२०७७-१-२८	रविन्द्र वहादुर थापा	४२९७२	
संघीय सशर्त चालु तर्फ		०	
३६।२०७६-९-२७	सुरेन्द्र प्रसाद यादव	३८०००	आफैले बुझेको
४६।२०७६-११-२०	सुरेन्द्र प्रसाद यादव	१००००	
८८।२०७७-३-१४	सुरेन्द्र प्रसाद यादव	५२०००	
	जम्मा	२६६१७२	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
९०.	४४६।२०७७/३/३१ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्दछ । गाउँपालिकाको विभिन्न समयमा भएका वैठकको वैठक भत्ता वापत भुक्तानी लिएकोमा प्रति वैठक रु १३००।–कायम गरी रु २३४२६०।– भुक्तानी लिएको देखिएकोले सो पाउने आधार पेश गर्ने अन्यथा सम्बन्धीतबाट असुल गर्नुपर्ने रु	२३४२६०
९१.	४२३।२०७७/३/३० आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (८) अनुसार कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्दछ । कर्मचारीहरुको स्टाफ मिटिङ वापत भत्ता भुक्तानी गरेकोमा सोको निर्णय एवं पाउने आधार पेश गर्ने अन्यथा सम्वन्धीतबाट असुल गर्नुपर्ने रु	३०६००
९२.	७७।२०७६/९/३ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्दछ । मर्मत गरेवापत रु १५८००।– खर्च लेखेकोमा विल नम्वर २५८ मिति २०७६।५।१५ मा एलिसा मोटर साइकल वर्कशपको विल संलग्न गरी रु १५८००।– खर्च लेखेकोमा भुक्तानी गर्दा प्रिन्स किराना एण्ड फलफुल पसललाई भुक्तानी गरेको देखिएकोले यसरी विना आधार खर्च लेखेको देखिएकोले खर्च लेख्न आदेश दिने कर्मचारीबाट असुल गर्नुपर्ने देखिएको रु	१५८००
९३.	४५२।२०७७.३.३१, आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्दछ । मिति २०७७।२।२३ गते राजस्व परामर्श समितिको वैठक वसी वैठक भत्ता भुक्तानी दिएकोमा पेश गरेको विवरण अनुसार उपस्थित १८ जना मध्ये ४ जना पदाधिकारीले मात्र वैठक भत्ता पाउनेमा उक्त समिति बाहेकका १४ जना पदाधिकारीहरुले वैठक भत्ता भुक्तानी लिएको देखिएकोले १४ जनाको हुने रु ८५०।–(करकट्टी पछिको) ११९००।– सम्बन्धित बाट असुल गर्नुपर्नु देखिएको रु	११९००
९४.	१२१।२०७७.१०.९ वडा नं १ देखी ५ सम्म मिति २०७६।९।९ देखी २०७६।९।१३ सम्म निशुलक पशु स्वास्थ्य शिविर सञ्चालन गर्न दिपक कुमार वलीले रु २ लाख पेश्की लिई फर्छ्यौट गरेको र उक्त कार्यक्रममा जम्मा रु ४९४८४३।– खर्च लेखेको देखिएकोले खरिद गरिएका औषधीको मूल्य रु ३१४७१८।– र रु ६१२५०।– समेत ३७५९६८।– खर्च लेखि वाँकी विविध खर्च र अनुगमन मूल्याङ्कन खर्च लेखि भुक्तानी गरेको छ । उक्त शिवीर सञ्चालन गर्दा इस्टिमेट तयार गरी औषधी खपतको विवरण र कति पशुजन्य कार्यका लागि उपचार गरियो उपचार गरिएका पशुको विवरण लगायत सोको प्रगति विवरण समेत उल्लेख नगरी भएको खर्चले शिवीर सञ्चालन कार्यका खर्च भएको पर्याप्त पुष्टयाई वेगर खर्च लेखेको रकम अनियमित देखिएको रु	४९४८४३
९५.	आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने यसै नियमावलीको नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्दछ ।कार्यालयले गाडीभाडा तथा इन्धन खर्च वापत रु ६०४५१।०० निराजन श्रेष्ठलाई भुक्तानी गरेकोमा गाडिभाडा वापत रु ५३०००।०० तथा इन्धन खर्च वापत २०४५१।०० खर्च लेखेकोमा सम्झौता एवं इन्धन प्रयोजन के वापत भएको हो लगबुक संलग्न नगरी टुक्रे विलको आधारमा खर्च लेखेको देखिएकोले यसरी विना सम्झौता एवं प्रयोजन वेगर खर्च लेखेको एवं वुझेको भरपाई प्रमाण समेत संलग्न नरहेकोले उक्त रकम दाखिला गर्नुपर्ने देखिएको रु	७३४५१

भौ.नं.र मिति	विवरण	भुक्तानी रकम
७०।२०७६।९।१	भाडा र इन्धन	३०४५१
१५६।२०७६।१०।२९	गाडीभाडा	१३०००
७५।२०७६।९।३	भाडा र इन्धन	३००००
	जम्मा	७३४५१

९६.	२७६।२०७७।३।४ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । नेपाल सरकारले वन्दावन्दी घोषणा गरी	७४३७५

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	लकडाउनको समयमा मिति २०७६।१२।११ देखि २०७६।१२।१७ सम्म कोरोना सम्वन्धी व्यापक प्रचार प्रसार गरेवापत निम्न पदाधिकारी तथा कर्मचारीलाई भ्रमण खर्च वापत निम्नानुसारको रकम भुक्तानी गरेको देखिएकोले वन्दावन्दीको समयमा यसरी खर्च लेखी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिएको रु	

कर्मचारीरपदाधिकारीको नाम	भ्रमण खर्च रकम
चित्र बहादुर चलाउने	१००००
पुष्पा कुमारी वोहोरा	१००००
चिन्तामणी रेग्मी	१००००
सुरेन्द्र प्रसाद यादव	१००००
रुद्र वुढाथोकी	९३७५
भिमलाल भण्डारी	१००००
रविन्द्र बहादुर थापा	७५००
कमल चन्द्र	७५००
जम्मा	७४३७५

९७.	खर्चको पुष्ट्याई वेगर खर्चः आर्थिक कार्यविधि नियमावली २०६४ को ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले निम्नानुसारको टुक्रे विल प्रयोग गरी विविध खर्च लेखेको छ । उक्त खर्च लेख्दा के वापत उक्त खर्च लेखेको हो खर्चको पुष्ट्याई वेगर खर्च लेखेको रकम अनियमित देखिएको रु	१२७९९५

भौनंरमिति	विक्रेता	मूल्य
१४।२०७६.६.१०	सिद्धकुमाख होटल एण्ड नास्ता पसल	३८७३५
३७।२०७६.७.७	सिद्धकुमाख होटल एण्ड नास्ता पसल	१४८१०
९०।२०७६.९.२०	सिद्धकुमाख होटल एण्ड नास्ता पसल	३४९५०
३६१।२०७७.३.२५	सिद्धकुमाख होटल एण्ड नास्ता पसल	१६०००
१७१।२०७७.३.३१	विभिन्न टुक्रे विल ९कपडा, डस्ना खरिद०	२३५००
	जम्मा	१२७९९५

९८.	११७।२०७६.१०.६ कार्यक्रम सञ्चालन गरिदा आधिकारीक कर्मचारीलाई पेश्की दिई सञ्चालन गरिनु पर्दछ । मिति २०७६ पौष २७ गते सम्म सहकारी संस्थाको क्षमता विकाश तालिम सञ्चालन गर्नका लागि कार्यालय सहयोगी हिमा कुमारी चालउनेलाई रु १५००००।– पेश्की दिई फर्छ्यौट गरेकोमा निम्न व्यहोरा देखिएका छन्; • तालिम कार्यक्रम सञ्चालनको कार्य तालिका नरहेको • सहभागी २९ जना सदस्य उल्लेख गरेकोमा सहकारी संस्थामा आवद्ध पदाधिकारी हुन होइनन् प्रमाण नरहेको, • गाडी भाडा वापत पटक पटक गरी रु १२०००।– भुक्तानी गरेकोमा सहभागीहरुलाई यातायात खर्च समेत दिइ सकेको अवस्थामा गाडिभाडा भुक्तानी गरिनु औचित्य नरहेको, • १८ वटा कक्षा संचालन गरी रु २७०००।– भुक्तानी गरेकोमा नम्स विपरीत खर्च लेखेको उपरोक्त व्यहोराका आधारमा कार्यालय सहयोगीले तालिम सञ्चालन गरी रु १५००००।– पेश्की फर्छ्यौट गरी खर्च रु १६०७१०।– लेखेको रकमका आधार एवं पर्याप्त पुष्ट्याइ वेगर खर्च लेखेको रकमको प्रमाण पेश गर्नुपर्ने देखिएको रु	१६०७१०
९९.	**शिर्षक फरक पारी खर्चः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५ (२) मा खर्च गर्ने वा खर्चको निकाशा दिने अधिकारीले स्वीकृत वजेट भित्र र सम्वन्धीत खर्च शिर्षकमा रहेर गर्नुपर्दछ र खर्च	९६८४१०

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	गर्न वाँकी छ भने सोको विचार गरी खर्च गर्ने र खर्च गर्ने निकाशा दिनुपर्ने व्यवस्था गरेको छ । कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शिर्षकबाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शिर्षकबाट खर्च लेखी भुक्तानी गरेको देखिएकोले यसरी नियम विपरित खर्च लेखी भुक्तानी गरेको रकम नियम सम्मत नदेखिएको रु	

भौ.नं.र मिति	लेख्नुपर्ने शिर्षक	लेखेको खर्च शिर्षक	भुक्तानी रकम	कैफियत
३७३।२०७७.३.२५	विविध	वैठक भत्ता	१७५१४०	
२१२।२०७६.१२.९	कार्यक्रम	विविध	१०००००	
११५।२०७७.३.२५	विविध	अनुगमन मूल्याङ्कन	६१९९०	संघिय सशर्त तर्फ
९३।२०७७.३.१७	कार्यक्रम	सेवा र परामर्स	६२९५०	संघिय सशर्त तर्फ
१४७।२०७७.३.३०	पूजिगत	चालु	४९८३३०	संघिय सशर्त तर्फ
१७५।२०७७.३.३१	कार्यक्रम	वैठक भत्ता र यातायात	७००००	संघिय सशर्त तर्फ
		जम्मा	९६८४१०	

१००.	**घर भाडाः** आर्थिक कार्यविधि नियमावली २०६४ को ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयका कर्मचारीहरुले आवास सुविधा पाउने व्यवस्था नभएकोमा कार्यपालिकाले कर्मचारी आवासका लागी निम्नानुसारको भाडा रकम रु १३००००।.खर्च लेखेको नियम सम्मत नदेखिएको रु–	१३००००

घरधनीको नाम	प्रयोजन	वार्षिक भाडा रकम
लक्ष्मी कुमारी अधिकारी	प्रशासन अधिकृत वस्ने आवास	३००००
सुशिला कुवर	कर्मचारी आवास	१०००००
	जम्मा	१३००००

१०१.	कुनै वस्तु वा सेवा प्रवाह गरी कार्यालय र सेवा प्रदायक संस्था विचको भुक्तानीमा सम्झौता गरिएको हुनुपर्दछ । पालिकाले यस वर्ष इन्टरनेट जडान टेलिफोन एक्सचेन्ज सिस्टम खरिद वापत निम्नानुसारको संस्थाहरुलाई भुक्तानी गरेकोमा सम्झौता नै नगरी सिस्टम एवं नेट जडान खर्च वापत रु ३५९२९८।०० भुक्तानी गरेको छ ।यसरी सम्झौता वेगर नै खर्च लेखेको देखिएकोले उक्त खर्च वापतको रकम अनियमित देखिएको रु	३५९२९८

भौ.नं.र मिति	विवरण	भुक्तानी लिने संस्था	भुक्तानी रकम
१४९।२०७६.१०.२८	टेलफोन एक्सचेन्ज खरिद	न्यू सिटी कम्प्युटर एण्ड सप्लायर्स	९६०५०
१५३।२०७६.१०.२८	नेटवर्किङ्ग चार्ज	नियोलिंक प्रा लि	३४५७८
३२२।२०७७.३.१८	नेटवर्किङ्ग चार्ज	नियोलिंक प्रा लि	२२८६७०
		जम्मा	३५९२९८

१०२.	**अनुमति नलिई कारोवार** १२६।२०७६.१०.१० व्यापारिक फर्म तथा संस्थाहरुले आफुले अनुमति लिएका वस्तु तथा सेवाको मात्र कारोवार गर्नुपर्दछ । कार्यालयले JCB व्याकलोडर मर्मत गरी मेमिका कन्स्ट्रक्सन प्रा लि लाई रु १४८९६२।– भुक्तानी गरेकोमा उक्त प्रा लि ले गाडी मर्मत गर्न पाउने यस प्रकारको कारोवार गर्न पाउने इजाजत पत्र एवं उक्त कारोवार गर्ने अनुमति प्राप्त संस्था हो होइन यकिन गर्ने आधार प्रमाण पेश नगरी विलको आधारमा भुक्तानी लिएकोले सोको प्रमाण पेश गर्नुपर्ने देखिएको रु	१४८९६२

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१०३.	**मिनीट्रिलर वितरण** कृषि कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा आधारीत रु ३५००००।– वजेट विनियोजन भएकोमा भण्डारी एग्रोभेट एण्ड सप्लायर्स बाट प्रति ट्रिलर ७५०००।– का दरले खरिद गरी ७ वटा सहकारी संस्थाहरुलाई वितरण गरेकोमा कार्यक्रममा प्रति सहकारी १ वटाका दरले उपलब्ध गराउनु पर्नेमा सिद्धकुमाख गाउँपालिकालाई २ वटा उपलब्ध गराएको देखियो । सवै समूह वा सहकारी संस्था छनौट दर्ता एवं सूचिकृत प्रमाण पत्र संलग्न नगरी निर्णय वेगर नै अनुदान उपलब्ध गराएको देखियो ।	
१०४.	**इन्धन खर्च** पालिकाले व्याकलोडर प्रयोग गरी डिजल खर्च वापत रु ७३२२७९।०० पालिकाको गाडी प्रयोजन वापत पेट्रोल खर्च वापत रु २२१५३३ गरि जम्मा रु ९५३८१२।०० खैरावाङ्गीमाई पेट्रोल पम्पलाई भुक्तानी गरेको देखियो । यसरी इन्धन प्रयोजन वापत लगसिट एवं सवारी लगबुक अनिवार्य रुपमा राख्नु पर्नेमा राखेको देखिएन । यसरी विना आधार इन्धन खर्च लेखिनु मनासिव देखिएन ।	
१०५.	**विपत राहत सामग्री** २६२।२०७७।२।३२ विपत व्यवस्थापन कार्यका लागि भिमलाल भण्डारीले रु १५००००।– पेश्की लीई फर्छ्यौट गरेकोमा खरिद सामग्रीहरु तन्ना, तौलिया, व्लाङ्केट आदी खरिद गरी जम्मा रु १५७३६०।– खर्च लेखेको देखिएकोले उक्त खर्च कोरोना कोष बाट लेखिनु पर्नेमा वित्तिय समानिकरण वाट खर्च लेखेको एवं सो खर्च लेख्न पाउने आधार प्रमाण विना खर्च लेखेको रकम अनियमित देखिएको रु	१५७३६०
१०६.	**विल भरपाई नभएको** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) वमोजिम खर्च लेख्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार खर्च लेखेकोमा सो को भरपाई प्रमाण संलग्न नगरेको हुनाले सोको प्रमाण पेश गर्नुपर्ने देखिएको रु	२४३७२११.६६

भौ.नं.र.मिति	भुक्तानी लिने संस्था	भुक्तानी रकम
१३।२०७७.६.१०	नेको इन्स्योरेन्स लिमिटेड	१२३४५३.६६
१४७।२०७६.१०.२७	मिसन कृषि भेट फर्मा	४०००२४
१५१।२०७६.१०.२८	टुक्रे विल	१३०००
१५३।२०७६.१०.२८	नियोलिकं प्रा लि	३४५७८
२५०।२०७७.२.२५	इन्टेन्सिभ मिडीया एण्ड सप्लायर्स	४०३४१
४५१।२०७७.३.३१	वैठक भत्ता	१८०००
३८६।२०७७.३.२७	यातायात खर्च	३१७०००
३८८।२०७७.२.२७	अनुगमन मूल्याङ्कन समेत कार्यालय सामान खर्च	१०६३५०
३८७।२०७७.३.२७	पारिश्रमिक	१०७९७०
४३८।२०७७.३.२१	विविध पे फ ९सुनिता रोका०	२००००
४६०।२०७७.३.२१	परीक्षा संचालन खर्च	१००००
४६४।२०७७.३.२१	सेवा परामर्श खर्च	१२००००
२५९।२०७७.३.२८	ज्ञानु स्टेशनरी एण्ड सप्लायर्स	२१३१६०
४७४।२०७७.३.३१	प्राविधिक फिल्ड भत्ता	४५७५०
७२।२०७६.९.१	सुपरभिजन खर्च	१००००
१८५।२०७७.११.२८	सामग्री खरिद	४९९५०
जम्मा		०
संघिय शसर्त तर्फ		०
सशर्त १२५।२०७७.३.२६	सामग्री खरिद	११५२०१
१२९।२०७७.३.२७	यातायात खर्च	४३२००
१३०।२०७७.३.२७	फिल्ड भत्ता	१२९६००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

१४५।२०७७.३.२९	जोखिम भत्ता	११६००
१६१।२०७७.३.३१	जोखिम भत्ता	८००००
१६५।२०७७.३.३१	जोखिम भत्ता	८४८००
१७३।२०७७.३.३१	जोखिम भत्ता	५६३९९
१७४।२०७७.३.३१	विल भरपाई नभएको	८४०००
१८२।२०७७.३.३१	विल भरपाई नभएको	२०२८३५
जम्मा		२४३७२११.६६

१०७. ४६४।२०७७.३.२१ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिदाँ रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । करार सेवामा काम गर्नका लागि मासिक रु १००००।– का दरले वार्षिक रु १२००००।– सेवा परामर्शबाट खर्च लेख्ने गरी प्रेमा रेउलालाई भुक्तानी गर्ने गरी खर्च लेखेकोमा निजले वुझेको समेत नदेखिएको र यसरी सम्झौता गर्दा आधिकारीक कर्मचारीबाट सम्झौता गरिनु पर्नेमा नगरेको एवंम खातामा समेत जम्मा भएको नदेखिएकोले नियम विपरीत सम्झौता गरीनुले यसरी खर्च गरेको रकम अनियमित देखिएको रु ..... — १२००००

१०८. **पारिश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ८७ तथा आर्थिक ऐन, २०७६ अनुसार पारिश्रमिक भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयले यस वर्ष निम्नानुसार कर्मचारीहरुलाई उपलब्ध गराएको पारिश्रमिकमा तोकिए भन्दा कम पारिश्रमिक कर कट्टी गरेको देखिएकोले ऐनमा भएको व्यवस्था वमोजिम रु.१७४५५।- पारिश्रमिक कर असूल गरी दाखिला गर्नुपर्ने देखिएको, रु. .... — १३५७६

सि.नं.	नाम पद	वार्षिक आय	करयोग्य आय	कट्टी गर्नु पर्ने कर रकम
१.	सुरेन्द्र यादव	५९७८८२	११७८८२	१३५७६
	जम्मा			१३५७६

१०९. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ अनुसार सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत संभार गर्नुपर्ने भए सो को लिखित जानकारी सो निकायको प्रमुखलाई दिनुपर्ने र सो को जानकारी प्राप्त भएपछि निजले यसै नियमावलीको नियम १३ (५) अनुसार लागत अनुमान तयार गराई खर्च लेख्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले JCB व्याकलोडर र अन्य सवारी साधन मर्मत गर्दा लागत अनुसार तयार नगरी कोटेशन समेत नलिई मर्मत खर्च वापत भुक्तानी गरेको छ । यसरी नियममा उल्लेख भए विपरीत मर्मत खर्च लेखेको रकम अनियमित देखिएको रु — ४०१९८२

भौ।नं।।मिति	भुक्तानी लिने पार्टि।।संस्था	भुक्तानी रकम
१०७।२०७६.९.२४	केसी। अटो वर्कशप	९५७२०
१२६।२०७६.१०.१०	प्रेसिका कन्स्ट्रक्सन प्रा लि	१४८९६२
३४३।२०७७.३.२३	माँ वैष्णवी अटो पार्टस	१५७३००
	जम्मा	४०१९८२

११०. **चाडपर्व खर्च** निजामति सेवा ऐन २०४९ को दफा ३२(१) अनुसार निजामती कर्मचारीले आफ्नो थर्म सस्कृति परम्परा अनुसार नपाइने चाडपर्वका लागि कर्मचारीले खाइपाई आएको एक महिनाको तलव वरावरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउने छ । यस्तो रकम कर्मचारीले एक आर्थिक वर्षमा पटक पटक आफ्नो धर्म संस्कृति परम्परा अनुसार नपाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सम्म र नियमावलीको १२८ (३) अनुसार निजामती कर्मचारीले हाजिर भएको मितिले ३ महिना भित्र आफ्नो चाडपर्व लिने मुख्य चाडपर्व र सो चाडपर्व पर्ने संभावित महिनाको सम्वन्धमा कार्यालयले लिखित रुपमा जानकारी दिनुपर्ने र सो कर्मचारीले आफ्नो सेवा अवधीभर अर्को चाडपर्व खर्च माग गर्न नपाउने व्यवस्था गरेको छ ।कार्यालयका निम्नानुसारका कर्मचारीहरुलाई चाडपर्व खर्च वापत चैत्र महिनामा रु — १६६०२०

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	१६६०२०।– भुक्तानी गरेको हुँदा ऐन तथा नियम विपरीत भुक्तानी लिएको देखिएको र अर्को आ ब को असोज महिनामा नलिइ चैत्र महिनामा नै लिएको प्रमाण पेश गर्ने अन्यथा असोज महिनामा लिएको भए उक्त रकम असुल गर्नपर्ने देखिएको रु.....	

कर्मचारीको नाम	भुक्तानी रकम
सहायक पाँचौ रविन्द्र वहादुर थापा	२८२००
सहायक पाँचौ मदन वुढाथोकी	२८२००
सहायक पाँचौ नवराज आचार्य	२८२००
सहायक पाँचौ सितला कुमारी रोकाय	२८२००
सहायक चौथो देवी ओली	२६६१०
सहायक चौथो महेन्द्र प्रसाद ढकाल	२६६१०
जम्मा	१६६०२०

१११.	**अनुदान** स्थानीय सरकार संचालन ऐन २०७४ ले गाउँपालिकालाई विद्यालयमा दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ती गर्ने अधिकार दिएको देखिदैन । गाउँपालिकामा अवस्थित विभिन्न विद्यालयहरुलाई शिक्षा अनुदान वापत सम्बन्धीत विध्यालयको खातामा रु ५५६८६३५।०० जम्मा गरी खर्च लेखेको छ । सशर्त अनुदानबाट संघीय सरकारले शिक्षा क्षेत्रको खर्च भार वहन गरिरहेको अवस्थामा गाउँपालिकाले वित्तीय समानिकरणवाट लेखेको यस्तो खर्चलाई नियम सम्मत मान्न नसकिने रु	५५६८६३५

भौ।नं।।रमिति	विवरण	भुक्तानी रकम
३३४।२०७७।३।२१	वालविकास शिक्षीकाको तलब खातामा जम्मा २ वटा विध्यालयको	१९९६३५
३३२।२०७७.३.२२	आधारभुत तथा माध्यमिक विध्यालयहरुमा कार्यरत वालविकाश शिक्षक र कर्मचारी तलब २६ विध्यालय	९५४०००
२४०।२०७७.२.२१	आधारभूत माध्यामिक विध्यालयहरुको लागि विध्यालय शिक्षा अनुदान १४ विध्यालय	३७१५०००
२६५।२०७७.३.१	प्राथमिक वाल शिक्षा केन्द्र सुदृढिकरण अनुदान १० विध्यालय	२०००००
२६६।२०७७.३.१	कक्षा १ देखी ३ सम्म अग्रेजी माध्यम शिक्षण अनुदान	५०००००
	जम्मा	५५६८६३५

११२.	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) अनुसार ५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने तथा नियम ८५(१) ख मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सो भन्दा वढी रकमको वा एउटै व्यक्ती फर्म कम्पनी वा संस्थावाट एक पटक भन्दा वढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नियम ८ अनुशार वार्षिक खरिद योजना वनाई सो अनुसार सिलवन्दी दरभाउपत्र तथा वोलपत्र आव्हान गरी खरिद कार्य गर्नुपर्नेमा सो अनुसार नगरी सिधै खरिद र एउटै आपूर्तीकर्ता संग पटक पटक खरिद गरेको पाइयो । नियमावलीमा भएको व्यवस्था विपरीत भएको खरिद लाइ नियम सम्मत मान्न नसकिने रु	५७४२८७

भौ।नं।।रमिति	विवरण	खरिद फर्म	खरिद मिति	भुक्तानी रकम
१६७।२०७६.११.१४	छपाई खर्च	न्यू महालक्ष्मी अफसेट प्रेस	२०७६।११।८	४९९९९०
१६८।२०७६.११.	छपाई खर्च	न्यू महालक्ष्मी अफसेट	२०७६।११।१	७४२९७

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	१४ | | प्रेस | १ | | | | | जम्मा | ५७४२८७ |	
	सामाजिक सुरक्षातर्फ	
११३.	**सामाजिक सुरक्षातर्फ बढी निकासा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पेश्की को अभिलेख राख्नु पर्नेमा नराखेको तथा भौचर समेत नउठाउने गरेको देखिन्छ । पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेका छन । यस सम्बन्धमा देखिएका ब्यहोरा निम्नानुसार छन्	
११३.१.	कार्यालयले लेखा परीक्षणका लागि पेश गरेको अभिलेख अनुसार निम्न परिचयपत्र एवं नाम उल्लेख भएका प्रथम चौमासिकमा मृतक घोषित भई सकेका लाई समेत दोस्रो/तेस्रो चौमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिएकोले यस सम्बन्धमा कार्यालयले यकिन गरि पेश गर्नु पर्ने रु.	७८०००

परिचय पत्र नम्वर	नाम	भुक्तानी रकम	कैफियत
२००१०९०८०१२९७	सेतु वोहोरा (ज्येष्ठ अन्य)	६०००	तेस्रो चौमासिकमा वुझेको वडा नं ४(२०७६/७/१७ मा मृत्यु भएको उल्लेख
२००६०७०५०२६७४	नर ब चलाउने (ज्येष्ठ अन्य)	१२०००	तेस्रो चौमासिकमा वुझेको (मृतक उल्लेख नगरी दोस्रोमा नवुझेको) वडा नं ४
२००२०५१५०८८३३	पलिराम वस्नेत (ज्येष्ठ अन्य)	२४०००	दोस्रो र तेस्रो मा वुझेको वडा नं ५ मृत्यु उल्लेख मिति नखुलेको
१९९७०८०७००७९८	भद्रकली रोका (ज्येष्ठ अन्य)	२४०००	पहिलो र तेस्रोमा वुझेको दोस्रो नवुझेको मृत्यु उल्लेख मिति नखुलेको
२००६०३२९००९६६	रतिभान खड्का (ज्येष्ठ अन्य)	१२०००	तेस्रोमा वुझेको वडा नं ५
	जम्मा	७८०००	

११४.	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा सो गरेको पाईएन । कार्याविधिको पालना गरिनु पर्दछ ।
११५.	**अनाधिकृत व्यक्तिले भत्ता वुझेको:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा १५ को खण्ड (ख) मा भत्ता वितरण गर्दा सम्वन्धित व्यक्तिलाई मात्र भरपाई गरि वितरण गर्नुपर्ने उल्लेख छ

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	। साथै असम्वन्धित व्यक्तिलाई भत्ता वितरण गरेको पाइएमा भत्ता वितरण गर्ने र वुझ्ने दुवैलाई कानुनी कारवाही हुने प्रावधान भएकोमा यस गाँउपालिकाले एकाघरका सदस्य वाहेकका अन्य व्यक्तिहरुलाई लाभग्राहीको हस्ताक्षरमा हस्ते गरि स्पष्ट रुपमा निजहरु विचको नाता समेत नखुलाई भत्ता वुझेको भरपाई गरेको पाइयो । आगामी वर्षहरुमा गाँउपालिकाले कानुनको परिपालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
११६.	**वैंक मार्फत भत्ता वितरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा २२ मा गाउँपालिका क्षेत्रमा बालबालिका र अपांगताको परिचय पत्र प्राप्त लाभग्राहीको हकमा लाभग्राही र संरक्षकको नाममा संयुक्त र अन्यको हकमा सम्वन्धित लाभग्राहीको व्यक्तिगत वचत खाता खोल्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले वैंक खाताबाट सामाजिक सुरक्षा को रकम भुत्तानी गरेको देखिएन । बैंकिङ्ग प्रणाली मार्फत भत्ता वितरण गर्दा जोखिम कम हुने हुदाँ गाँउपालिकाले बैंकिङ्ग प्रणाली मार्फत भत्ता वितरण गर्ने व्यवस्थालाई कडाईका साथ लागू गर्नुपर्दछ ।	
११७.	**लाभग्राहीको नाम नवीकरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा ७ को उपदफा (१) मा भत्ता प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहीहरुले आगामी आ.व.मा पनि भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयावधि भित्र सम्वन्धित गाउँपालिका वा नगरपालिकामा दरखास्त दिनु पर्ने व्यवस्था छ । सो कार्यविधिको उपदफा (२) मा यसरी नविकरण नगर्ने लाभग्राहीले पछिल्लो आ.व.मा भत्ता नपाउने समेत उल्लेख गरेकोमा यस गाउँपालिकाले सोको परिपालना गरेको पाइएन । कार्यविधिको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
	विपद् व्यवस्थापन	
११८.	**समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेकोरसमिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।	
११९.	**कार्य योजना** (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद कार्यकारी र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे र नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने र गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु र गराउनु पर्दछ ।	
१२०.	**विपद् व्यवस्थापन कोष—** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत ४७१९४७५ आम्दानी भई रु **२६६४७४४** खर्च गरी बाँकी रु २०५४७३१ देखिन्छ ।	
१२१.	**वार्षिक प्रतिवेदन—** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
१२२.	**सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** (स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेकोरअभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।	
१२३.	**खाद्य सुरक्षा कार्यक्रमः** खाद्य सुरक्षा कार्यक्रम अन्तरगत कर्णाली प्रदेश भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय बाट रू १७७००००० अनुदान प्राप्त गरी फलफुलको विरुवा रोप्ने, नर्सरी बनाउने कार्यका लागि खर्च गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्	
१२३.१.	गाउँपालिकाले लागत अनुमान समेत तयार नगरी प्लास्टिकको टनेल निर्माण गर्न विभिन्न ५ वटा कृषक समुह सँग मिति२०७७/३/२२ गते सम्झौता गरी २०७७/३/२९ मा कार्य सम्पन्न भएको भनि रू १७८२८९ भुक्तानी गरेकोमा प्राविधिक नापजाँच तथा कार्यसम्पन्न प्रतिवेदन समेत नभएको तथा पेश गरेको फोटोमा समेत टेन्ट बनेको नदेखिएकोले सो काम समयमै सम्पन्न भएको भनि यकिन गर्न सकिएन ।	
१२३.२.	गाउँपालिकाले रू २९२६६० बराबरको टिम्मुर, सुन्तला लगायत विभिन्न विरुवा हरू खरिद गरी २०७७।३।२९ गते वितरण गरेको देखिन्छ । यसरी वितरीत विरुवाहरु के कति रोपिए वा रोपिएनन् सो को तथ्यांक नभएको कारण सो विरुवाहरू उदेश्य अनुरुप प्रयोग भए नभएको यकिन गर्न सकिएन ।	
१२४.	**कोभिड १९ तर्फ** कोभिड १९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७७ असार मसान्त भित्र गाउँपालिकाले विभिन्न स्रोत बाट रू ४७१९४७५ आम्दानी गरेकोमा निम्नानुसारको खर्च गरेको छ।	

खर्च शीर्षक	२०७७ असार मसान्तसम्म खर्च रकम
राहात वितरण	३३६०००
क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	८८७१५९
जनशक्ति परिचालन	१४२०२०
औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	९७८५२५
अन्य शीर्षकमा भएको खर्च	३२१०४०
जम्मा	**२६६४७४४**

	यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्	
१२४.१.	**गाडी भाडाः** क्वारेन्टिन स्थल तथा स्वास्थ्य संस्था सम्म ओसारपसार वापत रू ८३४४० । ०० खर्च भएकोमा कुन मितिमा के कति व्यक्तिलाई ओसारपसार सुविधा दिएको हो सो को अभिलेख अध्यावधिक नगरेकोले सो खर्चको यथार्थतामा विश्वस्त हुन सकिएन ।	
१२४.२.	**मुल्य अभिवृद्दी करमा दर्ता नभएको बाट खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) मा रु.२० हजार भन्दा बढी रकमको खरिद गर्दा स्थायी लेखा नं. र मुल्य अभिवृद्धि करमा दर्ता भएको फर्म सगँ मात्र गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले मुल्य अभिवृद्धि करमा दर्ता नभएको फर्म छिटो खबर डटकम लाई सुचना छपाए गराए वापत रू २२००० भुक्तानी गरेको देखिन्छ । नियमावलीमा भएको व्यवस्था विपरीत गरेको भुक्तानीलाई नियम सम्मत मान्न नसकिने रू	**२२०००**

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१२४.३.	**खाद्यान्न खपतः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले रू.२५८२०० को तेल चामल दाल लगायतका खाद्य सामग्री खरिद गरेकोमा सो को प्रयोग कहाँ र कुन प्रयोजनमा भयो सो को स्पष्ट विवरण पेश हुन सकेन ।	
१२४.४.	**ईन्फ्रारेड थर्मोमिटरः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खरिद बाट ८ र वस्तुगत सहायताबाट ५ गरी जम्मा १३ वटा ईन्फ्रारेड थर्मोमिटर प्राप्त गरेकोमा ६ वटा वितरण भएकोमा जिन्सीमा ७ वटा हुनु बाँकि पर्नेमा जम्मा ६ वटा मात्र मौज्दात रहेको देखिएकोले १ वटा थर्मोमिटरको रू.१०१७० असुल गर्नु पर्ने रू	**१०१७०**
१२५.	**पेश्की बाँकिः:—** आर्थिक वर्षको अन्तमा बाँकि रहको देहाय बमोजिमको पेश्की आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ७४ तथा सार्वजनिक खरिद नियमवली,२०६४ को नियम ११३(५) बमोजिम असुल फछ्र्यौट गर्नुपर्ने रु.....	१५६७२८००

क्र.सं.	शिर्षक	व्यक्ती संस्था	प्रयोजन	**फछ्र्यौट गर्नु पर्ने अन्तिम मिति**	**रकम**
म्याद नाघेको पेश्की					
१.	वित्तिय समानिकारण चालु	मनिराम बुढाथोकि	सवारी साधन मर्मत	२०७६/७/१७	११०००
२.	सामाजिक सुरक्षा	कृष्ण बहादुर चलाउने	सामाजिक सुरक्षा	२०७६/८/१०	१५०००
३.		चन्दा देवकोटा	सामाजिक सुरक्षा	२०७६/८/१०	६१०००
४.		लक्ष्मी पुन	सामाजिक सुरक्षा	२०७६/८/१०	२००००
५.		कृष्ण बहादुर चलाउने	सामाजिक सुरक्षा	२०७७/२/३०	१४६३०००
६.		चन्दा देवकोटा	सामाजिक सुरक्षा	२०७७/२/३०	२०७५८००
७.		सरिता कुमारी रेउले	सामाजिक सुरक्षा	२०७७/२/३०	१२८३८००
८.		पुर्णीमा चलाउने	सामाजिक सुरक्षा	२०७७/२/३०	१५९७४००
९.		देवि वली	सामाजिक सुरक्षा	२०७७/२/३०	१४९२४००
१०.		चन्दा देवकोटा	सामाजिक सुरक्षा	२०७७/३/३१	२०१२८००
११.		कृष्ण बहादुर चलाउने	सामाजिक सुरक्षा	२०७७/३/३१	१४५४६००
१२.		महेन्द्र प्रसाद ढकाल	सामाजिक सुरक्षा	२०७७/३/३१	१४०४०००
१३.		सरिता कुमारी रेउले	सामाजिक सुरक्षा	२०७७/३/३१	१३२३६००
१४.		देवि वली	सामाजिक सुरक्षा	२०७७/३/३१	१४५८४००
	जम्मा				१५६७२८००
म्याद ननाघेको पेश्की					
१.	शसर्त पुजिगत	किस्टल निर्माण सेवा	आधारभुत सेवा केन्द्र निर्माण	२०७७/५/१	५०००००
२.				२०७७/५/१	५०००००
३		प्राकृतिक निसान	आवाशिय भवन	२०७६/१०/७	१९८००००

दफा	भौ.नं, मिति र ब्यहोरा						बेरुजू रकम
			जे.भि.	निर्माण			
	२		वि.सि. निर्माण सेवा	विद्युत संरचना निर्माण	२०७६/१०/८	१०८००००	
	४		रोयल कनस्ट्रक्सन	गैर आवासिय भवन निर्माण	२०७६/११/११	२५०००००	
	५		निराजन मा.वि.	प्राविधिक धार प्रयोशाल व्यवस्थापन	२०७७/३/३१	२६०००००	
		जम्मा				९१६००००	
१२६.	**आन्तरिक लेखापरीक्षणः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२)मा ले स्थानिय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । कार्यालयले सबै प्रकारको आय र व्ययको आन्तरिक लेखापरीक्षण गराई प्रतिबेदन लेखिएका व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गराई अन्तिम लेखापरीक्षणको लागि श्रेस्ता पेश गर्नु पर्नेमा कार्यालयले ब.उ.शि.नं. ३१४०१०११४, १४०१०१२३, ३४०००१०५३, ३६५००१०४३, ३६५०१११११४, ३०१०००११४ र ३१२०००११३ को मात्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरीक लेखापरिक्षण गरेको देखिन्छ । आन्तरीक लेखापरीक्षणबाट उल्लेखनिय बेरूजु देखिएको छैन ।							

अनुसुची-१

सिद्धकुमाख गाउँपालिकाको संचितकोष विवरण
२०७६/७७

कर्णाली प्रदेश **(रु.हजारमा)**

जिल्ला	स्थानीय तह	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्याय				मौज्दात बाँकी
					गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
सल्यान	सिद्धकुमाख गाउँपालिका	५३२३४५	४९४३५	९.२९	४१२०५	१९९४५३	३५७२९	४९९७	२९१९४	२६९३७३	१२५५०५	९५१८७	४२२८०	२६२९७२	४७६०६

अनुसुची-२

सिद्धकुमाख गाउँपालिकाको बेरुजु बर्गिकरण(विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार)

(रु.हजारमा

जिल्ला	स्थानीय तह	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिए को	जम्मा	कर्मचारी	अन्य	जम्मा
सल्यान	सिद्धकुमाख गाउँपालिका	७४	७४	७९१९३	०	१	२९७५८	७४	७३	४९४३५	४६६६	१५८३१	१३२६६	०	०	२९०९७	१५६७२	०	१५६७२

अनुसुची-३

सिद्धकुमाख गाउँपालिकाको अध्यावधिक बेरुजु स्थिति

(रु.हजारमा)

जिल्ला	स्थानीय तह	गत बर्ष सम्मको वाँकी वेरुजु	समायोजन	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	यो वर्षको थप रकम	यस वर्ष सम्मको वाँकी वेरुजु	यस वर्ष सम्मको वाँकी वेरुजु मध्ये पेश्की
सल्यान	सिद्धकुमाख गाउँपालिका	२४६३१	०	०	०	०	०	२४६३१	४९४३५	७४०६६	२७२७२